केही बेर आराम गर्दै पहाडको यात्रा फेरि शुरु गर्‍यौं । बाटोमा तीनजना युवक हामीसँग ठोक्किए । हामीले जिज्ञासामय प्रश्न राखेपछि उत्तरमा उनीहरुले बताए कि उनीहरु भारतबासी हुन् । उनीहरु नेपाल घुम्नका लागि आएका थिए । अब उनीहरु वापस गइरहेका रहेछन् । तर हामीलाई उनीहरु भारतीय हुन् भन्ने कुरामा शंका लाग्यो किनभने उनीहरु स्वभाविक उच्चारणका साथ बिशुद्ध नेपाली भाषा बोलिरहेका थिए । उनीहरुले बताए नेपाल भारतको सीमामा दार्जलिङ र सिक्किममा उनीहरु रहन्छन् । उनीहरुलाई अगाडि गएर कहाँ रोकिन्छौं ? भन्ने प्रश्न गर्दा उत्तरमा उनीहरुले यस्तो भाव देखाए मानौ उनीहरुसँग कोही कसैले केही सोधेकै छैन । उनीहरु छिटो छिटो पाइला चाल्दै थिए । हेर्दा हेर्दै उनीहरु ढलानबाट धेरै तल झरिरहेका थिए । र उनीहरुको सम्बन्धमा हाम्रो जिज्ञासा बनिरहयो ।

केही समयपछि हामी चितलाङ गाउँ पुग्यौं । गाउँ पार गरिसकेपछि हामी गोचरीका लागि एउटा रुख मुनी बस्यौं । हामी गोचरी गरिरहेका थियौं तब हाम्रो नगिजबाट हतियार धारी तीन पुलिस कर्मी हिडिरहेका थिए । हामीलाई देखेर उनीहरु मुस्कुराए, उनीहरुको मुस्कुराहट भन्दा पूर्व परिचित भाव उनीहरुमा भरिएको थियो । जब हाम्रो दृष्टि उनीहरुको अनुहार माथि पर्‍यो तब हामी झस्क्यौं । यी पुलिसकर्मीहरु ती तीन युवक थिए जसलाई केही समय पहिले पहाडको टुप्पामा भेटेका थियौं । हाम्रो नजिकबाट उनीहरु गैसकेपछि हाम्रो मनमा चिन्तन चल्यो उनीहरुले हामीसँग आफू पुलिस भएको कुरा किन लुकाए ? उनीहरु आफूलाई भारतको नागरिक भन्नलाई किन बाध्य भए । कहि माओवादीहरुको बढ्दो खतराका कारण उनीहरुले यस्तो गर्न बाध्य भएका त हैनन् ? जब हामी काठमाडौं यात्राका लागि तयार थियौं तब पनि केही प्रहरीहरुसँग भेट भएको थियो । उनीहरुले माओवादीको बढ्दो खतराका लागि सावधान गराएका थिए । अब हाम्रो वापसी यात्रामा जुन प्रहरी भेटिए उनीहरु पनि यो खतराबाट भयातुर थिए । हामीलाई लाग्यो हर

अलग भेषधारी व्यक्ति माओवादीको रुपमा देखिने नजर बनिरहेको थियो। जब पुलिस कर्मीहरुको यो स्थिति छ भने जनसाधारणको सुरक्षा कस्तो होला ? यो चिन्ताको विषय पक्कै हो।

## मनुष्य जीवनको सार्थकता

खाना खाएर केही समयको आराम पश्चात् हामीले यात्रा शुभारम्भ गऱ्यौं। हाम्रो अर्को विश्राम स्थल मारखुको विद्युत अतिथि गृह थियो। तर २० किलोमिटरको यात्रा पछि शरिरले आराम मागिरहेको थियो। अतिथि गृहको स्वच्छ स्थानका कारण भरपुर विश्राम मिल्यो। अर्को दिन यात्राका तयारीका लागि सँगसँगै हिड्ने गाडी लैजानका लागि अतिथि गृहबाट परमिट प्राप्त भयो। अर्को दिन मारखुबाट हामी कुलेखानी बाँधको किनारै किनार लामो यात्रा तय गऱ्यौं बाँधको पछि फेरि पहाडको उकालो शुरु भयो। यो जंगलमा कतै दश/बाह्र घरको एक बस्ती मिल्यो, नत्र टाढा टाढा गहिरो सन्नाटा बाहेक केही देखिन्नथ्यो काठमाडौं जानेबेलामा नेपालको राष्ट्रिय फूल लाली गुराँसले पूरा जंगल भरिएको हुन्थ्यो। मानौ रुखले रातो रंग धारण गरिरहेको छ। तर फर्कदा जंगलको बातावरण बदलिएको थियो अहिले लाली गुराँसले रातोको ठाउँमा कालो रुप धारण गरिसकेको थियो। प्रकृतिका अनन्त छटाहरुमा एउटा लाली गुराँस फूलले आफ्नो रुप यौवन, सौन्दर्य र सुवास चारै तर्फ हटेर अस्तित्व विहिन भैरहेको थियो। उनीहरु अर्काका लागि विकसित भए र मेटिए उनीहरु उदाउने र हराउने कुरामा आफ्नो कुनै अस्तित्व थिएन। अरुलाई आनन्दित गर्नको लागि आफ्नो अस्तित्व कायम राख्यो र मेटायो। उनीहरु फक्रनका लागि कसैको सन्देश आवश्यकता थिएन। कुनै राजा महाराजाको आदेशको आवश्यकता थिएन र उसलाई कसैले आदेश पनि दिन सक्दैनथ्यो। अरुको लागि फक्रने र मेटिने उसको सहज धर्म हो र उसको जीवनको त्यही नै परम गति हो। जो सुकैको पनि दृष्टिमा ऊ आयो र बिना कुनै भेदभाव आनन्दका लागि उनीहरु बस्तु बनिदिए। मानिस प्रकृतिको सर्वश्रेष्ठ छटा हो।

समस्त जीव जगतमा उनीहरुभन्दा अर्को ठूलो कुनै प्राणी छैन अतः उसको जीवनको परम गति यसैमा छ कि, अरुको लागि फक्रियोस् फुलोस् । समस्त मानव जातिको लागि अगाध प्रेम श्रद्धा र करुणाको सुगन्ध समेटेर आफ्नो अस्तित्व मेटाओस् त्यो आफैमा एक बिराट शक्तिपुञ्ज हो । जसको प्रष्फुटन तब हुन्छ जब ऊ राग, द्वेष, माया, मोहबाट विल्कुल मुक्त भएर सम्पूर्ण मानवताको सेवामा आफूलाई मेटाउने तर्फ अविचल भावले अघि बढोस् । फर्किने क्रममा काफलको वृक्ष देख्यौं । यो काफलको फल अमिलो हुँदो रहेछ तर अत्यन्त उपयोगी यो मौसममा यो धेरै ठाउँमा भेटिदो रहेछ । यसलाई रोक्नु पर्ने आवश्यकता पनि हुँदो रहेनछ । यो प्रकृतिको मानव जातिको लागि स्वतस्फूर्त रुपमा दिइएको वरदान रहेछ यस्तै ऐसेलु पनि । यो सानो सानो रुखमा फल्दो रहेछ खाँदा मिठो र स्वादिष्ट हुँदो रहेछ, यसको अत्याधिक सेवनबाट व्यक्ति गहिरो निद्रामा जान सक्दो रहेछ । यी फलहरुले भरिएको जंगलको बाटो हुँदै हामी अघि बढ्यौं । यी फलहरुलाई हामीले आँखाले देख्यौं । उसको रसस्वादन गरें किनभने बाल्यकालमा हामीले निकै खाएका थियौं । यही बातावरणमा हामीले पहाडको यात्रा पुरा गऱ्यौं । पहाडको यात्रा गर्दा हामीलाई कुनै असुविधा भएन किनकि त्यसदिन हामी भोकै यात्राका लागि निस्किएका थियौं । यो अप्ठ्यारो अवश्य भयो । हाम्रो शरीरबाट अत्याधिक मात्रामा पसिना निस्क्यो र प्यासले खुबै सतायो ।

जब हामी पहाडको उचाईमा पुग्यौ त्यहाबाट टाढा टाढा सम्म पहाडहरु देखिन्थे । भीमफेदी गाउँ हामीले देख्यौं । पहाडबाट तल झर्ने समयमा यस्तो लाग्यो । मानौ भिमफेदी गाउँ हाम्रो फिर्ती यात्राको खुशीयालीको प्रतीक्षामा छ । नदीको किनारमा अवस्थित त्यो गाउँको जुन विद्यालयमा हामी काठमाडौं जाँदा बसेका थियौं त्यही एक दिनको प्रवास भयो । यस पटक त्यहाँ शिक्षकहरुको साथ सत्संगको अवसर मिल्यो । अधिकांश शिक्षकहरु हिन्दी भाषी थिए । रातको समयमा हिन्दी भजन र सत्संगको कार्यक्रम राखियो । रात्री विश्राम

पछि बिहान भिमफेदी गाउँबाट बिदा लियौं । फिर्ता हुँदा हामीलाई अत्यन्त मन पर्ने स्थान थियो त्यहाँको शान्ति हाम्रो दिलमा बसेको थियो त्यो ठाउँ हो त्रिखण्डेश्वर । जहाँ हल्लाखल्लाबाट धेरै टाढा र हावाले झुलिरहेको रुखका बीच त्यो ठाउँले छिटै नै हाम्रो ध्यान खिचिरहेको थियो । काठमाडौंबाट सँगै हिडिरहेको हाम्रा सहयात्रीको पनि यो ठाउँ हेर्ने इच्छा थियो । प्राकृतिक सौन्दर्यको बीच रहेको त्रिखण्डेश्वर महादेवशालामा हामी पुग्यौ । यहाँ हामीले दुई दिनको प्रवासको कार्यक्रम राखेका थियौं । वापसी यात्रामा हामीले पायौं आश्रमका प्रमुख स्वामी जीलाइ उहाँसँग हाम्रो वार्ता लाप भयो र ती दुई दिन त्यहीं बितायौं ।

२५ अप्रिलको दिन हाम्रो लागि एक विशेषरुपमा स्मरणीय दिन रह्यो । त्यो दिन हाम्रो लागि संकल्प लिने र संकल्पित हुने दिन सावित भयो । शनिबारको दिन मौन व्रत र उपवासको साथ बित्यो । उक्त दिन हामीले १५ वर्ष देखि निरन्तर उपवास राख्दै आएका थियौं र यो दिनले हाम्रो स्मृतिलाई ताजा पाऱ्यो । यो त्यही दिन थियो जुन दिन हामीले हाम्रो जीवनको आराध्यदेव शान्ति स्वरुपजी महाराज साहेबबाट मंगलमय आशीर्वाद प्राप्त गरेका थियौं । आज हामी जुन स्थानमा छौं जो मिलिरहेको छ त्यो उनै पुज्य गुरुदेवको प्रसाद थियो । उहाँको कृपा सदैव हामीमाथि रहि रह्यो । उहाँको पवित्र स्मृतिमा हामीले यो मौन व्रत रुपी सानो भेट उहाँको चरणमा अर्पित गऱ्यौं । आजकै दिन उहाँको पुण्य तिथि थियो । हामीले नदीको किनारा किनारा एकान्तमा घुमेर पुज्य गुरुजीको चरणमा आफ्नो श्रद्धा सुमन अर्पित गऱ्यौं । हामीलाई यस्तो अनुभूति भयो । मानौ आफ्नो बेचैन आँखा गुरुजीलाई खोजिरहेका थिए । हामीले उहाँलाई नदीको किनारमा खोज्यौं, मन्दिरमा खोज्यौं आश्रमको हर कुनामा खोज्यौं तर हामीलाई लाग्यो तर उहाँ हाम्रो अगाडि खडा हुनुहुन्छ । उहाँको कृपा हाम्रो शिरमाथि बर्षिरहेको छ । उपवास राखिएता पनि हामीभित्र भोकको कुनै आवश्यकता महशुस भएन । हामीलाई लाग्यो कि भाव विव्हलता

शरीरको आवश्यकतालाई महशुस गराएन । त्यस दिन दिनभरी हामीले प्रकृतिसँग घूलमिल हुँदै समय बितायौं । थाहा छैन यस्तो प्राकृतिक सौन्दर्य कहिले देख्न पाइन्छ ।

त्रिखण्डेश्वर आश्रमका स्वामी जी भारतीय मूलका हुनुहुन्थ्यो नेपालमा पनि उहाँका अनेकौं भक्तहरु छन् जो सामाजिक स्तरमा निकै प्रतिष्ठित हुनुहुन्छ । हामीले उहाँसँग निवेदन गऱ्यौं, हामीलाई आफ्नो सेवा जन्मभूमि नेपालमा गर्न सकौं उहाँले यस्तो सम्म आश्वासन दिनुभयो हाम्रो जन्म स्थल पोखराको नजिक हाम्रो लागि आश्रम बनाइदिन्छु । यदि हामीले चाह्यौ भने यहाँबाट करीब २ किलोमिटर पर जो गुफा छ जहाँ एक मूर्ति पनि छ । त्यस स्थानमा एक तीर्थ स्थान बनाउन सकिन्छ । त्यो थलो एउटा राम्रो धार्मिक, पर्यटक स्थल बन्न सक्छ, तर हामीले उहाँलाई कुनै आश्वासन दिएनौं हामीले उहाँलाई बतायौं नेपालमा एउटा धर्म प्रचारक संस्था (मिसनरी) चलाउने हाम्रो इच्छा छ । यदि हाम्रो योजनाले कार्यरुप लिन सक्यो भने हामीले उहाँको मार्ग दर्शन अवश्य लिनेछौं । एउटा भारतीय सन्यासी भएर पनि स्वामी जीले आफ्नो साधनाका लागि नेपालको यो पहाडी क्षेत्र चुनाव गर्नु भएको रहेछ । उहाँले आफ्नो साधना र वाणीबाट ठूलो संख्यामा मानिसहरुलाई प्रभावित गर्नुभएको रहेछ । उहाँको दृष्टान्तले हामीभित्र यो आशा जाग्यो कि नेपालमा कुनै संस्था चलाउन कुनै कठिनाई हुँदैन । मानव सेवाका लागि कुनै भौगोलिक सीमा त हुँदैन, परन्तु राजनीतिक सीमाले त्यस मार्गमा व्यवधान पैदा गर्न सक्छ ।

२६ अप्रिलमा हेटौडाको लागि यात्रा शुभारम्भ गऱ्यौं । त्यही पहाडको बाटो हुँदै अघि बढ्ने सडक थियो । नदीको किनारा किनारा हुँदै यात्रा गरिरहेका थियौं । साना साना गाउँ खेतहरु देखिन्थे । एक सानो गाउँ बाहिर जब हामी बाहिर निस्क्यौं, तब थाहा भएन किन स(साना बच्चाहरु हामीलाई चिढाउने जस्तो अनुहार बनाउँदथे । ती अबोध बच्चाहरुको निश्छलता र पवित्रताले